**धनगढीउपमहानगरपालिका**

# स्थानीय राजपत्र

**खण्ड: ५** **संख्याः०८** **मितिः२०७८/११/०५**

## भाग-२

**धनगढीउपमहानगरपालिका**

# नगर शिक्षक व्यवस्थापन कार्यविधि, २०७८

**नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०७८।११।०५**
**राजपत्रमा प्रकाशन मितिः २०७८।११।०५**

**प्रस्तावनाः**स्थानीय तहलाई प्राप्त शिक्षा सम्बन्धी अधिकार कार्यान्वयनका लागि धनगढी उप-महानगरपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरुमा कक्षागत तथा विषयगत आधारमा शिक्षक अभावका कारण विद्यालयको नियमित अध्ययन अध्यापनमा उत्पन्न हुने कठिनाइलाई न्यूनिकरण गरी उप-महानगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा शिक्षाको गुणस्तर अभिवृद्धि गर्नका लागि नगर शिक्षक व्यवस्थापन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधान, २०७२ को धारा २२६ को उपधारा (१), स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा१०२ को उपदफा (२) र नगर शिक्षा ऐन धनगढी, २०७४ को दफा ५४ को उपदफा (२) ले दिएको अधिकार प्रयोगगरि धनगढी उप-महानगरपालिकाको नगर कार्यपालिकाको **एकहत्तरौं** बैठकले यो कार्यविधि जारी गरेको छ।

धनगढी उप-महानगरपालिका राजपत्र

## परिच्छेद एक

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यो कार्यविधिको नाम **"धनगढी उप-महानगरपालिकाको नगर शिक्षक व्यवस्थापन कार्यविधि, २०७८"** रहेको छ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) "कार्यपालिका" भन्नाले धनगढी उप-महानगरपालिका कैलालीको नगर कार्यपालिकालाई सम्झनुपर्छ।

(ख) "कार्यालय" भन्नाले धनगढी उप-महानगरपालिका कैलालीको कार्यालय सम्झनुपर्छ।

(ग) "दरबन्दी"भन्नाले संघीय ससर्त अनुदानबाट तलब वा पारिश्रमिक उपलब्ध हुने गरी विद्यालयमा रहेको स्वीकृत दरबन्दी, राहत दरबन्दी, अनुदान कोटा समेतलाई सम्झनुपर्छ।

(घ) "नगरपालिका" भन्नाले धनगढी उप-महानगरपालिका कैलालीलाई सम्झनुपर्छ।

(ङ) "नगर शिक्षक" भन्नाले यसै कार्यविधि बमोजिम विद्यालयले करार सम्झौंता गरेको नगर शिक्षक सम्झनुपर्छ।

(च) "नगर शिक्षा समिति" भन्नाले नगर शिक्षा ऐन धनगढी २०७४ बमोजिम गठन भएको नगर शिक्षा समिति सम्झनु पर्दछ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले धनगढी उप-महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा सो काम गर्न तोकेको अधिकृत सम्झनुपर्छ।

(ज) "महाशाखा" भन्नाले धनगढी उप-महानगरपालिकाको शिक्षा, युवा तथा खेलकुद महाशाखा सम्झनुपर्छ।

(झ) "विद्यालय" भन्नाले धनगढी उप-महानगरपालिका क्षेत्रभित्र सञ्चालित भई नगर शिक्षक कोटा वा शिक्षण सहयोग अनुदान रकम प्राप्त गरेको सामुदायिक विद्यालय सम्झनुपर्छ।

धनगढी उप-महानगरपालिका राजपत्र

## परिच्छेद दुई

## विद्यालय छनौट, कोटा निर्धारण तथा वितरण सम्बन्धी व्यवस्था

३. **विद्यालय छनौटका आधारहरु:**नगर शिक्षकको कोटा वितरणका लागि विद्यालय छनौटका आधारहरु देहाय बमोजिम हुनेछन्:-

(क) पछिल्लो पटक अनुमति लिएको कक्षामा कम्तिमा दुई शैक्षिक सत्रको पढाई भएको हुनुपर्ने ।

(ख) प्रति कक्षा पचास जना विद्यार्थी भर्ना भई अध्ययन गरिरहेको हुनुपर्ने ।

(ग) विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको गठन भएको हुनुपर्ने ।

(घ) नियमित रुपमा सामाजिक परीक्षण र लेखापरीक्षण भएको हुनुपर्ने ।

(ङ) विद्यालय सुधार योजना अद्यावधिक गरेको हुनुपर्ने ।

(च) विद्यालयको वार्षिक कार्ययोजना तयार भएको हुनुपर्ने ।

(छ) विद्यालयले नियमित रुपमा एकीकृत शैक्षिक तथ्याङ्क )IEMIS) अद्यावधिक गरी शिक्षा तथा मानवस्रोत विकास केन्द्रले तोकेको बेभपेजमा अपलोड गरेको हुनुपर्ने ।

(ज) कोटा वितरण गरिने तहमा शुन्य दरबन्दी रहेको वा एक मात्र दरबन्दी रहेको वा सम्बन्धित तहको शिक्षक विद्यार्थी अनुपात १:५० भन्दा बढी भएको हुनुपर्ने ।

४. **नगर शिक्षककोकोटा निर्धारण गर्नु पर्ने :** (१) विद्यालयगत रुपमा रहने नगर शिक्षकको कोटा निर्धारणका लागि तपसिल बमोजिमको एक नगर शिक्षकको कोटा निर्धारण सिफारिस समिति रहनेछ :-

(क) प्रमुख प्रशासकीय अधिकृत — संयोजक

(ख) महाशाखा प्रमुख — सदस्य

(ग) आर्थिक प्रशासन शाखा प्रमुख — सदस्य

(घ) आधारभूत र माध्यमिक तहकाप्रधानाध्यापकहरुमध्येबाट नगर



धनगढी उप-महानगरपालिका राजपत्र

शिक्षा समितिले तोकेको कम्तिमा एकजना महिला सहित दुई जना सदस्य

(ङ) नगर शिक्षा समितिले तोकेको नगर शिक्षा समितिको सदस्य एकजना सदस्य

(च) प्रमुख प्रशासकीय अधिकृतले तोकेको महाशाखाको अधिकृत कर्मचारी सदस्यसचिव

(२) नगर शिक्षकको कोटा निर्धारणका लागि सिफारिस गर्दा उपदफा (१) बमोजिमको समितिले देहाएका प्रक्रिया अवलम्बन गर्नु पर्नेछ।

(क) विद्यालयहरुबाट नगर शिक्षक कोटा मागका लागि कार्यालयको वेभसाइट मार्फत कम्तिमा पन्ध्रदिने सार्वजिनक सूचना प्रकाशन गर्ने,

(ख) सूचना बमोजिम कोटा माग गर्ने विद्यालयहरुले दफा ३ बमोजिमका आधारहरु पुरा गरेको वा नगरेको सम्बन्धमा महाशाखाबाट सूचना लिने,

(ग) महाशाखाका सम्बन्धित विद्यालय हेर्ने अधिकृत कर्मचारीहरुबाट विद्यालयको अनुगमन गराई आवश्यक सूचना सङ्कलन गर्ने,

(३) नगर शिक्षकको कोटा निर्धारणका लागिउपदफा (१) बमोजिमको समितिले गरेको सिफारिसका आधारमा कार्यपालिकाले विद्यालयगत रुपमा तह र विषय खुलाई कोटा निर्धारणगरी वितरण गर्नेछ। तर त्यसरी कोटा निर्धारण गरी वितरण गर्नु पूर्व नगर शिक्षा समितिमा छलफल गरी नगर शिक्षा समितिको राय समेत कार्यपालिकामा पेश भएको हुनु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिले नगर शिक्षकको कोटा निर्धारण गर्दा सम्वत् २०७७ साल असारमसान्त भन्दा पहिले विद्यालयले नियुक्त गरी यो कार्यविधि लागू हुँदाका बखतसम्म अविछिन्न रुपमा कार्यरत अध्यापन अनुमति पत्र प्राप्त गरेका निजीस्रोत शिक्षकहरुको संख्यालाई आधार लिई गर्नु पर्नेछ।

धनगढी उप महानगरपालिका राजपत्र

## परिच्छेद तीन

## नगर शिक्षकको विज्ञापन तथा पदपूर्ति सम्बन्धी व्यवस्था

५. **नगर शिक्षकको पदपूर्तिका लागि विज्ञापन गर्नु पर्ने :** (१) कार्यपालिकाबाट विद्यालयगत रुपमा तह र विषय खुलाई नगर शिक्षक कोटा निर्धारण भएपश्चात उक्त कोटामा खुला प्रतियोगितात्मक परीक्षाद्वारा शिक्षक पदपूर्तिका लागि न्यूनतम एक्काइस दिनको अवधि तोकी कार्यालयको वेभसाइट मार्फत सार्वजनिक रुपमा विज्ञापन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रकाशन हुने विज्ञापनमा देहायका व्यक्तिहरुले दरखास्त दिन सक्नेछन् :

(क) नेपाली नागरिक,

(ख) १८ वर्ष उमेर पुगेको,

(ग) मगज नबिग्रेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार नठहरिएको,

(ङ) भविष्यमा सरकारी नोकरी एवम् शिक्षक सेवाको लागि अयोग्य हुने गरी सेवाबाट बर्खास्त नभएको,

(च) शिक्षक सेवा आयोगले तोकेको न्यूनतम शैक्षिक योग्यता र तालिम भएको,

(छ) अध्यापन अनुमति पत्र प्राप्त गरेको,

(ज) ४० बर्ष ननाघेको।

६. **पाठ्यक्रम, परीक्षण प्रणाली तथा मूल्याङ्कन प्रक्रिया :**दफा ५ बमोजिम प्रकाशित विज्ञापन अन्तर्गतका कोटामा शिक्षक पदपूर्तिका लागि लिइने खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम, परीक्षण प्रणाली तथा मूल्याङ्कन प्रणाली शिक्षक सेवा आयोगले अपनाएबमोजिम हुनेछ।

७. **नगर शिक्षक कोटामा पहिलो पटक शिक्षक पदपूर्ति सम्बन्धी विशेष व्यवस्था :**(१) दफा ५ मा जुनसुकै कुरा लेखिएको भएतापनि सम्बत् २०७७ साल असारभन्दा अघि सामुदायिक विद्यालयहरुले

धनगढी उप-महानगरपालिका राजपत्र

विद्यालयको आफ्नै आन्तरिक स्रोतबाट पारिश्रमिक पाउने गरी विद्यालयको निजीस्रोत शिक्षकका रुपमा प्रचलित शिक्षा ऐन नियमको प्रक्रिया पुरा गरी नियुक्त गरी हालसम्म अविछिन्न रुपमा कार्यरत अध्यापन अनुमति पत्र सहित तोकिएको शैक्षिक योग्यता भएका निजीस्रोत शिक्षकहरुलाई नगरपालिकाले स्वत: नगर शिक्षकका रुपमा नियुक्त गर्न नगरपालिकाले सम्बन्धित विद्यालयहरुलाई सिफारिस गर्नसक्नेछ।

(२) उपदफा (१) बमोजिम सिफारिसका आधारमा सम्बन्धित विद्यालयले सिफारिस भएको निजीस्रोत शिक्षकलाई नगर शिक्षकमा नियुक्त गरी त्यस्तो नियुक्तिको जानकारी महाशाखामा गराउनु पर्नेछ।

(३) सम्वत्२०७७ असारमसान्त अघि विद्यालयको निजीस्रोतको शिक्षकमा नियुक्त भई अध्यापन अनुमति पत्र नभएका कारणले उपदफा (१) र (२) बमोजिम नगर शिक्षकको रुपमा नियुक्त हुन बाँकी रहेका निजीस्रोत शिक्षकहरुका लागि नगरपालिकाले अस्थायी अध्यापन अनुमति पत्रको व्यवस्था गरी नगर शिक्षकमा नियुक्तिका लागि सम्बन्धित विद्यालयलाई सिफारिस गर्न सक्नेछ।

(४) उपदफा (१) र (३) बमोजिम नगरपालिकाबाट सिफारिस भई सम्बन्धित विद्यालयबाट नियुक्त नगर शिक्षकको कोटा जुनसुकै कारणबाट रिक्त हुन गएमा र त्यसभन्दा बाहेकको संख्या बमोजिम नयाँ संख्यामा निर्धारण हुने नगर शिक्षक कोटा वा अन्य कारणले रिक्त हुने नगर शिक्षक कोटामा खुला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गरिनेछ।

८. **विज्ञापनका लागि पदसंख्या निर्धारण गर्नु पर्ने :** रिक्त नगर शिक्षक कोटामा खुला प्रतियोगितात्मक परीक्षाद्वारा नगर शिक्षक पदपूर्तिका लागि गरिने विज्ञापनमा शिक्षक सेवा आयोगले अपनाए झैं समावेशी सिद्धान्त समेत अपनाई पद संख्या निर्धारण गरी विज्ञापन गर्नु पर्नेछ।

९. **नगर शिक्षकको छनौट नगर शिक्षक छनौट समितिले गर्ने :**(१) यस कार्यविधि बमोजिम कार्यपालिकाबाट निर्धारण भई विद्यालय तथा विषयगत रुपमा वितरण भएको नगर शिक्षक कोटामा नगर शिक्षकको पदपूर्ति देहाएको नगर शिक्षक छनौट समितिले गर्नेछ :-

(क) प्रमुख प्रशासकीय अधिकृत — संयोजक

(ख) माध्यमिक तहको शिक्षक पदबाट सेवा निवृत्त भएका शिक्षकहरुमध्येबाट नगर कार्यपालिकाले मनोनित गरेका दुई जना — सदस्य

(ग) नगरपालिकाका अधिकृत कर्मचारीहरुमध्येबाट कार्यपालिकाले मनोनित गरेका दुई जना — सदस्य

(घ) महाशाखा प्रमुख — सदस्य

(ङ) महाशाखाका अधिकृत कर्मचारीहरुमध्येबाट प्रमुख प्रशासकीय अधिकृतले तोकेको कमर्चारी — सदस्य–सचिव

(२) तहगत र विषयगत आवश्यकताका आधारमा समितिले आवश्यकता अनुसारको संख्यामा विषयगत विशेषज्ञहरूलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) नगर शिक्षक छनौटका पदाधिकारी र आमन्त्रित सदस्यहरुले अर्थ मन्त्रालयको स्वीकृत बैठक भत्ताको दर बमोजिम बैठक भत्ता पाउनेछन्।

(३) समितिको कार्यसञ्चालन तथा बैठकसम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ।

१०. **नगर शिक्षक छनौट समितिको काम, कर्तव्य र अधिकार:** नगर शिक्षक छनौट समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) यस कार्यविधि बमोजिम सामुदायिक विद्यालयहरूका लागि कार्यपालिकाले निर्धारण गरी वितरण भएकोकोटामाकरारमा नगरशिक्षक नियुक्ति गर्न प्रतियोगितात्मक परीक्षा सञ्चालनको लागि विज्ञापन प्रकाशन गर्ने,

(ख) नगर शिक्षक छनौटका लागि लिखित परीक्षा र अन्तर्वार्ता सञ्चालन गर्ने,

धनगढी उप-महानगरपालिका राजपत्र

(ग) लिखित परीक्षामा सफल भई अन्तर्वार्ता परीक्षामा सहभागी भएका उम्मेदवारहरुले प्राप्त गरेको कूल प्राप्ताङ्कका आधारमा उम्मेदवार छनौट गरी कोटा रहेको विद्यालयमा करार सम्झौंताका लागि सिफारिस गर्ने।

**११. नगर शिक्षकको करार सम्झौंता :**नगर शिक्षक छनौट समितिले सिफारिस गरी पठाएको उम्मेदवारलाई विद्यालय व्यवस्थापन समितिले नगर शिक्षकको रुपमा करार सम्झौंता गरी कामकाज गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गरिएको करार सम्झौंताको जानकारी महाशाखालाई गराउनु पर्नेछ।

## परिच्छेद चार

## नगर शिक्षकको सेवा, शर्त, सुविधा र सजाय सम्बन्धी व्यवस्था

**१२. नगर शिक्षकको पारिश्रमिक तथा अन्य सुविधा :**(१) नगर शिक्षकको मासिक पारिश्रमिक, चाडपर्व खर्च, पोशाक तथा अन्य सुविधा नगरकार्यपालिकाले समयसमयमा तोकेबमोजिम हुनेछ।

तर पहिलो पटक नगर कार्यपालिकाले नगर शिक्षकको मासिक पारिश्रमिक, चाडपर्व खर्च, पोशाक तथा अन्य सुविधा तोक्दा २०७९ साउन महिनादेखि लागू हुने गरी तोक्नु पर्नेछ।

(२) नगर शिक्षकको मासिक पारिश्रमिक विद्यालयबाट पेश हुने माग फाराम तथा हाजिरीका आधारमा त्रैमासिक रुपमा, चाडपर्व खर्च प्रथम त्रैमासिक अवधिमा र पोशाक वापतको रकम तेस्रो त्रैमासिक अवधिमा सम्बन्धित विद्यालयको खातामा निकासा गरिनेछ। सम्बन्धित विद्यालयले सम्बन्धित शिक्षकको बैंक खातामार्फत भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

**१३. नगर शिक्षक उपदान कोष:**(१) सामुदायिक विद्यालयका निर्धारित कोटामा कार्यरत नगर शिक्षकहरुको उपदानका लागि एकछुट्टै नगर शिक्षक उपदान कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाएका रकमहरु रहनेछन्।

(क) उपमहानगरपालिकाबाट प्राप्त अनुदान रकम,

(ख) नेपाल सरकारबाट र प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) नगर शिक्षकहरुको मासिक पारिश्रमिकको दश प्रतिशतका दरले त्रैमासिक रुपमा सम्बन्धित विद्यालयबाट जम्मा हुने रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) नगर शिक्षक उपदानकोषको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुख वा कार्यपालिकाले तोकेको अधिकृत कर्मचारीको संयूक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(४) नगर शिक्षक उपदान कोषको रकम नगर कार्यपालिकाले तोकेबमोजिम नगर शिक्षक सेवाबाट अवकाश हुँदा दिइने उपदान बाहेक अन्य कार्यमा खर्च गर्न पाइनेछैन्।

**१४. नगर शिक्षकको काज तथा विदा:** (१) नगर शिक्षकले पाउने विदा र विदास्वीकृतिसम्बन्धी प्रक्रिया नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा कार्यरत स्थायी शिक्षक सरह हुनेछ। तर, नगर शिक्षकले वेतलबी विदा, असाधारण विदा र अध्ययन विदा पाउनेछैन।

**१५. नगर शिक्षकले पालना गर्नु पर्ने आचारसंहिता:** नगर शिक्षकले देहायबमोजिमको आचारसंहिता पालना गर्नुपर्नेछ :-

(क) विद्यालयसंग भएको करार सम्झौता अनुरूपको कार्य इमान्दारीपूर्वक सम्पन्न गर्ने,

(ख) निर्धारित समयमा नियमितरूपले विद्यालयमा आएको र गएको समय जनाई हाजिरी गर्ने,

(ग) पहिले विदाकोअनुमति नलिई विद्यालयमा अनुपस्थित नहुने,

(घ) शिक्षक, विद्यार्थी र समुदायमा कुनै भाषा, धर्म तथा सम्प्रदाय विरोधी भावना फैलाउन नहुने,

(ङ) नगरपालिकाको नीति तथा कानून प्रतिकूल हुने कुनै कार्य नगर्ने,

(च) कुनै पनि राजनीतिक दलको गतिविधिमा संलग्न नहुने,

(छ) इमान्दार, शिष्ट, नम्र, पारदर्शी र सदाचारी व्यवहार अवलम्बन गर्ने।

धनगढी उप महानगरपालिका

१६. **नगर शिक्षकलाई हुन सक्ने सजाय :** (१) उचित र पर्याप्त कारण भएमा नगर शिक्षकलाई देहायको सजाय हुन सक्नेछ :-

(क) नसिहत दिने,

(ख) बढीमा एक त्रैमासिक अवधिको तलब रोक्का गर्ने,

(ग) भविष्यमा नगर शिक्षकको नोकरीको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने,

(घ) भविष्यमा नगर शिक्षकको नोकरीको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट हटाउने,

(२) विद्यालय आउने जाने समय पालना नगरेमा नगर शिक्षकलाई नसिहत दिन सकिनेछ।

(३) अनुशासनहिन काम गरेमा, बराबर विद्यालयको समय पालना नगरेमा, आचरणसम्बन्धी नियम उल्लघङ्न गरेमा नगर शिक्षकलाई बढीमा एक त्रैमासिक अवधिको पारिश्रमिक रोक्का गरिनेछ।

(४) पदीय दायित्व पुरा नगरेमा, विना सूचना पन्ध्रदिनभन्दा बढी अवधि विद्यालयमा अनुपस्थित रहेमा, विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा, विद्यालय समयमा अन्यत्र अध्यापन गरेमा वा कुनै व्यावसायिक क्रियाकलापमा सहभागी भएमा, राजनैतिक दलको सदस्यता लिएर वा नलिएर राजनैतिक दलको क्रियाकलापमा संलग्न रहेको पाइएमा भविष्यमा नगर शिक्षकको नोकरीको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछ।

(५) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा, भ्रष्टाचार गरेमा भविष्यमा नगर शिक्षकको नोकरीको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट हटाउन सकिनेछ।

(६) नगर शिक्षकलाई नसिहत दिने र बढीमा एक त्रैमासिक तलब रोक्का गर्ने सजाय विद्यालय व्यवस्थापन समिति तथा भविष्यमा नगर शिक्षकको नोकरीको निमित्त अयोग्य नठहरिने र ठहरिने गरी सेवाबाट हटाउने सजाय नगर शिक्षा समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ।

धनगढी उप महानगरपालिका राजपत्र

## परिच्छेद चार

## शिक्षण सहयोग अनुदान सम्बन्धी व्यवस्था

१७. **शिक्षण सहयोग अनुदान उपलब्ध गराउन सकिने :**(१) यस कार्यविधि बमोजिम नगर शिक्षकको कोटा निर्धारण भई पदपूर्ति नभएसम्म सामुदायिक विद्यालयहरुबाट आफ्नै आन्तरिक स्रोतबाट तलब भत्ता तथा पारिश्रमिक पाउने गरी नियुक्त वा करार सम्झौता भई तत्तत् विद्यालयमा कार्यरत रहेका निजीस्रोतका शिक्षकहरुलाई विद्यालय भुक्तानी दिदैं आएको मासिक पारिश्रमिकमा अधिकतम् सम्बन्धित तहको तृतीय श्रेणीको शिक्षकका लागि नेपाल सरकारले तोकेको अधिकतम् सुरु तलबमानमा ननाघने गरी सम्बन्धित विद्यालयले नै निजीस्रोत शिक्षकहरुलाई भुक्तानी गर्ने गरी नगरपालिकाले शिक्षण सहयोग अनुदानको रुपमा थप पारिश्रमिक रकम उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको रकमको अङ्क नगरपालिकाको स्वीकृत बार्षिक कार्यक्रममा विनियोजन भए बमोजिम हुनेछ।

(३) आर्थिक वर्ष २०७८।७९ मा शिक्षण सहयोग अनुदान रकम उपलब्ध गराउने प्रयोजनका लागि नगरपालिकाकाको आर्थिक वर्ष २०७८।०७९ को बार्षिक नीति, कार्यक्रम तथा बजेटको सि.नं. ७५३ मा उल्लेखित निजीस्रोत शिक्षकहरुका लागि थप पारिश्रमिक क्रियाकलापमा विनियोजन गरिएको रु. १ करोड २० लाखलाई यस क्रियाकलापका लागि विनियोजन गरिएको अङ्क मानिनेछ।

१८. **शिक्षण सहयोग अनुदानका रुपमा थप पारिश्रमिक रकम वितरण गर्ने प्रक्रिया :** (१) दफा १७ अनुसार विनियोजन भएको शिक्षण सहयोग अनुदानको रुपमा उपलब्ध गराउन सकिने थप पारिश्रमिक रकम नगर शिक्षा समितिले निर्धारण गरेबमोजिमसम्बन्धित विद्यालयहरुको बैंक खाता मार्फत उपलब्ध गराउनु गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुदान रकम प्राप्त गर्न विद्यालयहरुले विद्यालयको आन्तरिक स्रोतबाट पारिश्रमिक पाउने गरी विद्यालयको निजीस्रोतका रुपमा नियुक्त पाई हाल सम्म निरन्तर



धनगढी उप-महानगरपालिका राजपत्र

कार्यरत रहेका शिक्षकहरुको नाममा महाशाखाले तोकेको ढाँचामा हरेक त्रैमासिक अवधिमा माग फाराम तथा हाजिर विवरण तयार गरी पेश गर्नु पर्नेछ।

तर आर्थिक बर्ष २०७८।७९ को हकमा माग फाराम तथा हाजिरी विवरण महाशाखाले तोकेको अवधिभित्र महाशाखामा पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम पेश हुन आएको माग फाराम तथा हाजिरी विवरणका आधारमा महाशाखाले त्रैमासिक निकासा विवरण तयार पारी नगरपालिकाको आर्थिक प्रशासन शाखामा पेश गर्नेछ र आर्थिक प्रशासन शाखाले महाशाखाबाट प्राप्त विवरणका आधारमा सम्बन्धित विद्यालयको बैंक खाता मार्फत थप पारिश्रमिक वापतको अनुदान रकम त्रैमासिक रुपमा निकासा गर्नेछ।

तर आर्थिक बर्ष २०७८।७९ को हकमा विद्यालयहरुबाट माग भई आएको तथ्याङ्क बमोजिम महाशाखाले तयार पारेको बार्षिक निकासा विवरणका आधारमा जेठ मसान्तभित्रै आर्थिक प्रशासन शाखाले अनुदान वापतको पुरै रकम एकैपटक निकासा गर्नेछ।

## परिच्छेद पाँच

## विविध

**१९. दरबन्दी मिलान, पदस्थापनार सरुवा:** (१) नगरपालिकाले आधारभूत तह कक्षा एक देखि कक्षा पाँच सम्म शिक्षक विद्यार्थी अनुपात र आधारभूत तह कक्षा छ देखि आठ तथा माध्यमिक तह कक्षा नौ देखि बाहसम्मको शिक्षक दरबन्दी मिलान गर्दा नगर शिक्षकहरुको संख्यालाई समेत आधार लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दरबन्दी मिलानबाट दरबन्दी कुनै विद्यालयमा नगर शिक्षकको कोटा कट्टी भई अर्को विद्यालयमा थप हुन गएमा उक्त कोटामा कार्यरत शिक्षक थप हुने विद्यालयमा स्वत: पदस्थापना भएको मानिनेछ।

धनगढी उप-महानगरपालिका राजपत्र

(३) नगर शिक्षकहरुलाई नगरपालिकाको एउटा सामुदायिक विद्यालयको नगर शिक्षक कोटाबाट अर्को सामुदायिक विद्यालयको नगर शिक्षक कोटामा नगर शिक्षा समितिको निर्णयानुसार महाशाखा प्रमुखले सरुवा गर्नेछ।

२०. **बचाउ र लागू हुने:**(१) यो कार्यविधि जारी हुनु भन्दा पहिलेका आर्थिक वर्षहरुमा नगरपालिकाको बार्षिक नीति, कार्यक्रम तथा बजेट मार्फत विनियोजन भई निजीस्रोत शिक्षकहरुका लागि विद्यालयहरुमा निकासा गरिएको पारिश्रमिक वा थप पारिश्रमिक वापतको रकम यसै कार्यविधि बमोजिम निकासा भएको मानिनेछ।

(२) यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र उल्लेख नभएको विषयमानगरकार्यपालिकाले निर्धारण गरेबमोजिम हुनेछ।

२१. **बाधा अड्काउ फुकाउने अधिकार:**यस कार्यविधिको उद्धेश्य कार्यान्वित गर्न कुनै बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ कार्यपालिकाले हटाउन स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी आदेश निकाल्न सक्नेछ र त्यस्तो आदेश यसै कार्यविधिमा परे सरह मानिनेछ।

<u>**आज्ञाले,**</u>

...................

रामलाल श्रेष्ठ

प्रमुख प्रशासकिय अधिकृत

धनगढी उप महानगरपालीका

धनगढी उप-महानगरपालिका राजपत्र